# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७६ कात्तिक ३

**रौतहटका मोहम्मद अफताब आलमको आफन्तको घरगोठमा भएको बम विष्फोटको घटना सम्बन्धमा**

रौतहट जिल्ला साविक राजपुर फरदहवा गाविस वडा नं. ४ स्थित मोहम्मद अफताब आलमका आफन्तको घरमा २०६४ साल चैत २७ गते बम विष्फोट भई २ जना व्यक्तिको मृत्यु भएको घटनाको सम्बन्धमा आयोगबाट भएको अनुसन्धानको विषयलाई लिएर विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रशारित समाचारहरूप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

सो सम्बन्धमा मौकामा नै घटनाका पीडितहरुद्वारा जाहेरी दर्खास्त दर्ता गराउन खोज्दा नेपाल प्रहरीले जाहेरी दर्ता नगरेको भन्ने विषयमा आयोगमा मिति २०६५/१/१२ मा उजूरी दर्ता भएपछि तत्कालै अनुसन्धान टोली गठन गरी मिति २०६५/१/१५ गते देखि २० गतेसम्म स्थलगत अनुसन्धान गरी ऐ. ३० गते अनुसन्धान प्रतिवेदन पेश भैसकेको र सोही सन्दर्भमा पटक-पटक आयोगमा छलफल भई विभिन्न आदेशहरु भएको । आयोगको अनुसन्धानकै क्रममा सोही विषयमा सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषणको रिट दर्ता भई २०६९ साल जेठ १६ गते अन्तिम फैसला समेत भैसकेको अवस्था छ । सर्वोच्च अदालतबाट अन्तिम फैसला हुँदाका बखत यस आयोगबाट भएको स्थलगत अनुसन्धान प्रतिवेदन सम्बन्धमा समेत उल्लेख भई अन्तिम फैसला भएको, आयोगको माग बमोजिम सम्मानित सर्वोच्च अदालतको फैसलाको प्रतिलिपि आयोगलाई प्राप्त हुन आएको छ ।

यस आयोगमा दर्ता भई कारबाही प्रक्रिया शुरु भएका उजूरीहरुको सम्बन्धमा अदालतमा मुद्दा दर्ता भई विचाराधीन रहेको अवस्थामा त्यस्ता उजूरीहरुको कारबाही प्रक्रिया अगाडि बढाउन नमिल्ने राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ मा व्यवस्था रहेकोले उक्त घटनासम्बन्धी उजूरी आयोगमा हालसम्म विचाराधीन अवस्थामा रहेको छ । आयोगले मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना सम्बन्धमा साक्षी र पीडितको सुरक्षा बाहेकका विषयहरुसँग सम्बन्धित प्रतिवेदनहरु गोप्य राख्ने नगरेको स्पष्ट गर्दछ ।

प्रस्तुत घटनामा सर्वोच्च अदालतले आयोगको स्थलगत अनुसन्धान प्रतिवेदन समेतलाई आधार मानी **"उक्त मुद्दाको गम्भीर रुपले अनुसन्धान गरी जो जे बुझ्नुपर्ने थप पुनः प्रमाण बुझी प्रचलित कानूनबमोजिम कारबाही गर्ने गराउने"** भनी विपक्षीहरुको नाममा अन्तिम फैसला गरिसकेको अवस्थामा सोही विषयमा आयोगबाट पुनः फैसला गरिरहनु नपर्ने अवस्था तर्फ ध्यानै नदिई केही सञ्चार माध्यममा आयोगको काम कारबाहीप्रति भ्रम सिर्जना हुनेगरी प्रकाशित/प्रशारित समाचारहरुमा कुनै सत्यता नभएको स्पष्ट गर्दै सम्मानित सर्वोच्च अदालतको फैसला अनुसार नै उक्त घटनाको प्रभावकारी र सूक्ष्म अनुसन्धान हुने सम्बन्धमा आयोग विश्वास राख्दछ। उक्त घटनाको अनुसन्धान प्रक्रियाको सम्बन्धमा आयोगले नियमित अनुगमन गरिरहेको हुँदा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन आवश्यक सहयोग पुर्‍याउन आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता